बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**पशु सेवा कार्यालय**
हेटौंडा, मकवानपुर
कार्यक्षेत्र: मकवानपुर

# प्रस्ताव आह्वानको सूचना

सूचना नं. १/०८१/८२
प्रथम पटक प्रकाशित मिति २०८१/०७/२६

यस पशु सेवा कार्यालय, हेटौंडा, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत देहाय अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक एवं मापदण्ड पुरा गरेका आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८१/०८/२५) भित्र तपसिलमा उल्लेखित कागजात सहित कार्यालय समयभित्र यस कार्यालयमा आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरुलाई छनौट प्रकियामा समावेश नगराइने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र.स. | कार्यक्रम | इकाई | परिमाण | कुल बिनियोजित बजेट (रु. लाख) | अधिकतम प्रोत्साहन रकम (रु. लाख) | आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मत्स्यपालन क्षेत्र विस्तार तथा उत्पादकत्व वृद्धि कार्यक्रम | हेक्टर | २ | १०.०० | प्रति हे. बढीमा ५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | कृषक समुह/ निजि फार्म / कृषि सहकारी कृषि उद्यमी | पशपन्छी तथा मत्स्य मिसन सञ्चालन कार्यविधि २०७८ | |
| २ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | १० | १०.०० | १०.०० | दु.उ.सहकारी एवं निजी फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | |
| ३ | पशु आहारा आत्मनिर्भर कार्यक्रम | पटक | ५ | १७.०० | १७.०० | निजी फार्म/कृषक समुह/सहकारी | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि, घाँस तथा घाँसेबाली विकास/ विस्तारमा खर्च गर्न सकिने |
| ४ | पशुपन्छी तथा मत्स्य पालनका लागि यन्त्र तथा उपकरण वितरण कार्यक्रम | पटक | १ | १०.०० | १०.०० | कृषक समुह/ निजि फार्म / कृषि सहकारी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | |

ब्रज किशोर
६/२५
डा. ब्रज किशोर ठाकुर
वरिष्ठ पशु चिकित्सक
कार्यालय प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | बंगुर प्रवर्धन कार्यक्रम | संख्या | २ | १०.०० | १०.०० | कृषक समुह/ निजि फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | |
| ६ | बाख्रापालन प्रवर्धन कार्यक्रम | पटक | १ | १५.०० | ५.०० | कृषक समुह/ निजि फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | |
| ७ | दुध उत्पादन वृद्धि (दुग्ध जोन) कार्यक्रम | पटक | १ | ३५.०० | ०.७५ | दुध जोन भित्रका निजी फार्महरु | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१/०८/१६) भित्र आवेदन दिनुपर्ने (बागमती, बकैया, मनहरी र भीमफेदी गाउँपालिकामा मात्र) |
| ८ | लक्षितवर्ग खरायोपालन प्रवर्धन कार्यक्रम (शतप्रतिशत प्रोत्साहन सहयोग कार्यक्रम) | पटक | १ | ७.५० | ७.५० | लक्षित वर्गका समुह वा सहकारी | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मासु वा उन वा दुवैको उत्पादन तथा बजारिकरण |
| ९ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम (८५ प्रतिशत प्रोत्साहन) | संख्या | १५ | १५.०० | ८५ प्रतिशत वा बढीमा १ लाख | विपन्न, अल्पसंख्यक,सिमान्तकृत जाती, एकल महिला,दलित,पिछडिएका जातजाती वा सो संग सम्बन्धित कृषि समूह, सहकारी, फर्म | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१/०८/१६) भित्र आवेदन दिनुपर्ने |
| १० | पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम | संख्या | १८ | ३६.०० | चालु प्रकृतिका काममा ५० प्रतिशत तथा पूँजीगत प्रकृतिका काममा बढीमा ८० प्रतिशत वा बढीमा २ लाख | कृषि फर्म/ कम्पनी र कृषक / कृषि उद्यमी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१/०८/१६) भित्र आवेदन दिनुपर्ने |

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
२. अनुसूचि-२ बमोजिमको रु.१० को हुलाक टिकट सहितको निवेदन
३. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि र पान नम्बर

डा. ब्रज किशोर ठाकुर
वरिष्ठ पशु चिकित्सक
कार्यालय प्रमुख

४. गत आ.व. (२०८०/०८१) को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

५. कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.व.को साधारण सभाको बैठक निर्णय प्रतिलिपि

६. क्रियाशील पशु बिमालेखको प्रतिलिपि,

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्र

७. कार्यक्रममा सहभागि गराईदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने)

८. अनुसूचि-४ बमोजिमको कार्ययोजना, अनुसूचि-५ बमोजिमको स्वघोषणा पत्र,

९. अनुसूचि- ६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा

१०. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र

११. कार्यक्रममा सहभागिता सम्बन्धी कृषक समूह/सहकारीको बैठकको निर्णय प्रतिलिपि (सहकारी/समूहको हकमा)

१२. सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम अन्य कागजात ।

**मत्स्य क्षेत्र विस्तार तथा उत्पादकत्व वृद्धि कार्यक्रम**

१. आवेदकले विगतका वर्षमा सोही प्रकृतिको कार्यक्रममा २ लाख भन्दा बढी अनुदान नलिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्व-घोषणा पत्र

**पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम**

१. आवेदक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको कम्तीमा १ (एक) वर्ष पूरा भई दैनिक कम्तीमा १०० लिटर दुध संकलन गरेको हुनु पर्ने

२. आवेदक संस्थामा आवद्ध कृषकहरुले दैनिक कम्तीमा २० (बीस) लिटर दुध बिक्री गर्ने विवरण अनुसूचि-१४ बमोजिमको फारम भरी प्रस्तावसंगै पेश गर्नुपर्न

३. निजी फर्मको हकमा उल्लेखित मापदण्ड पूरा गरेको प्रमाण पेश गर्नुपर्ने

४. पशु विमा अनिवार्य गर्नुपर्ने

**दुध उत्पादन वृद्धि (दुध जोन) कार्यक्रम**

१. दैनिक १० लिटर वा सो भन्दा माथि दुध उत्पादन गर्ने निजी फार्म हुनुपर्ने

२. साझेदार संस्थाले पशुहरुको अनिवार्य विमा गरेको हुनुपर्ने

**पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम**

१. अनुसूचि-३ बमोजिम प्रस्ताव, अनुसूचि- ४ बमोजिम प्रतिबद्धता पत्र

२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)

**मागमा आधारित जिवीकोपार्जन सहयोग कार्यक्रम**

१. आर्थिक हिसाबले विपन्न एवं अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडीएका जातजातीहरु एवं उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा पशुपंक्षी फर्मले मात्र आवेदन दिन सक्ने

२. आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडीएका जातीहरु खोल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/ वडाको सिफारिस

३. निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनि सम्बन्धित स्थानीय तहको आधिकारीक सिफारिस पत्र

४. अनुसूचि-३ बमोजिम आवेदन र अनुसूचि- ४ बमोजिम प्रतिबद्धता पत्र

पुनश्चः कार्यक्रमको लागत साझेदारी सम्बन्धि व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । सम्बन्धित कार्यविधिहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेभसाइट molmac.bagamati.gov.np मा गई हेर्न वा डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०५७-४१२८२८, ०५७-४१२५७१, ९८५५०२७७२९ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ । साथै उल्लेखित कार्यविधिहरुमा कुनै संशोधन भएमा संशोधित कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिने छ ।

डा. ब्रज किशोर ठाकुर
वरिष्ठ पशु चिकित्सक
कार्यालय प्रमुख